# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ६)  मुसिकोट,गुल्मी, माघ २ गते,२०७९ साल (संख्याः११


# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४ को प्रथम संसोधन २०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(२) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम  सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**<u>मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ (प्रथम संसोधन ) २०७९</u>**

**प्रस्तावना**

मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४ (यस पछि मूल ऐन भनि नामाकरण गरिएको) लाई थप गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ लाई देहाय वमोजिम थप गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ (प्रथम संसोधन )" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

**२. मूल ऐनमा परिच्छेद ७ थप गरिएको:**

**परिच्छेद ५:**

**कृषिमा रोजगारी, उत्पादनमा बढोत्तरी तथा बिक्रीमा सुनिश्चितता**

**१६. कृषि उपजको विक्री सुनिश्चितता :** (१) स्थानीयस्तरमा कृषक/कृषि उद्यमीले उत्पादन गरेका कृषि उपजको बजारीकरण तथा विक्री सुनिश्चितता गर्नको लागि "कृषिमा रोजगारी, उत्पादनमा बढोत्तरी तथा बिक्री सुनिश्चितता इकाई" को व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको उद्देश्य पुरा गर्न ईकाईको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कृषि उपजको बजारीकरणको लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका विभिन्न निकाय तथा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।

ख) कृषिमा रोजगारी उत्पादनमा बढोत्तरी तथा बिक्री सुनिश्चितताको लागि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।

ग) कृषि उपजको संकलन, ढुवानी, बिक्री, विनिमय, भण्डारण सम्बन्धी कार्यको लागि श्रोत साधनको व्यवस्था गर्ने।

३) उपदफा (१) मा उल्लेख भएका बाहेक अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४) उपदफा (१) बमोजिमको इकाईको व्यवस्थापनको लागि नगरपालिकाले आवश्यकता अनुसार कर्मचारी नियुक्ती गरी कामकाजमा लगाउन सक्नेछ।

मुसिकोट राजपत्र

**१७. निर्देशक समितिः** १) दफा १६ (१) बमोजिमको इकाईलाई सल्लाह सुझाव तथा निर्देशन दिन देहाय बमोजिमको निर्देशक समिति रहने छ।

क) नगर प्रमुख - संयोजक
ख) नगर उप प्रमुख - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) आर्थिक विकास समिति संयोजक - सदस्य
ङ) आर्थिक विकास समितिको सदस्य सचिव - सदस्य सचिव

२) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**१८. समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कृषिमा आधारित रोजगारीको व्यवस्थापन, उत्पादनमा बढोत्तरी र कृषि उपजको बिक्री सुनिश्चितता सम्बन्धी स्थानीय नीति सिफारिस गर्ने।
ख) दफा १६ (१) को इकाईको उद्देश्य हासिल गर्न आवश्यक निर्देशन दिने।
ग) कृषिमा आधारित रोजगारीको व्यवस्थापन, उत्पादनमा बढोत्तरी र कृषि उपजको बिक्री सुनिश्चितता सम्बन्धी कार्यक्रम व्यवस्थित गर्न आवश्यक स्रोतको पहिचान गर्ने।
घ) कृषि उपजको बजारीकरणको लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका विभिन्न निकाय तथा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।

**१९. उपसमितहरु गठन गर्न सक्नेः** १) कृषिमा आधारित रोजगारीको व्यवस्थापन, उत्पादनमा बढोत्तरी र कृषि उपजको बिक्री सुनिश्चितता सम्बन्धी कार्यलाई सूचारु रुपले सञ्चालन गर्नको लागि समितिले आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्न सक्नेछ।
२) उप समितिहरुको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**प्रमाणिकरण मिति**
२०७९।१०।०२

**आज्ञाले,**
**विनोद कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू २०**

मुसिकोट राजपत्र